घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ४) जोमसोम, चैत्र २२ गते, २०८० साल (संख्या : ८ )

## भाग - २

**घरपझोङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङको**

**सूचना**

## घरपझोङ गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावनाः**

यस घरपझोङ गाउँपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गरि गाउँपालिकाको आन्तरिक आय वृद्धि र व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) (१), (२) र (६) तथा दफा १०२ (२) मा भएको व्यवस्था तथा घरपझोङ गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरि यो **"घरपझोङ गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०८०"** तर्जुमा गरी मिति २०८०/१२/२२ गतेको घरपझोङ गाउँ कार्यपालिकाको बैठकबाट स्विकृत गरि लागु गरिएको छ।

## परिच्छेद – १

### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम “घरपझोङ गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०८०“ रहेको छ।

ख) यो कार्यविधि प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिका, मुस्ताङलाई सम्झनुपर्छ।

(ख)"गाउँपालिका अध्यक्ष" भन्नाले घरपझोङ गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "आन्तरिक आय" भन्नाले नेपालको संविधानको अनुसूची– ८ र अन्य संघीय कानुन, प्रदेश कानून तथा अन्य प्रचलित ऐन, नियमावली र कार्यविधिले प्रदान गरेको अधिकार अन्तर्गत रही गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको वेयवसायमा पूँजिगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवम् व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा गाउँसभाबाट स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तुर, सेवा शुल्क, विक्री, आदि आयलाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले घरपझोङ गाउँपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०८० लाई सम्झनुपर्छ।

(ङ) "ठेक्का" भन्नाले प्रचलित ऐन र यो कार्यविधि बमोजिम गाउँपालिकाबाट निश्चित समयभित्र आन्तरिक आय संकलनको लागि दिइने ठेक्कालाई सम्झनुपर्छ।

(च) "बोलपत्र" भन्नाले गाउँपालिकाले खरिदका लागि आन्तरिक आय संकलनका लागि प्रकाशन गरेको सूचना अनुरुप तोकिएको ढाँचामा बोलपत्रदाताले पेस गरेको मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ।

(छ) "सब-कन्ट्रयाक्टर" भन्नाले आन्तरिक आय संकलनको लागि गाउँपालिकासँग ठेक्का सम्झौता गरेको फर्म वा व्यक्तिसँग छुट्टै सम्झौता गरि गाउँपालिकासँग भएको सम्झौता अन्तर्गतको कुनै कार्य गर्ने व्यक्ति वा फर्मलाई सम्झनुपर्छ।

(ज) "ठेकेदार" भन्नाले गाउँपालिकाको निश्चित आ.व.को आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) "कार्यपालिका" भन्नाले घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ट) "सभा" भन्नाले घरपझोङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(ठ) " स्थानीय तह" भन्नाले घरपझोङ गाउँपालिका, मुस्ताङलाई सम्झनुपर्छ।

## परिच्छेद – २

## आय ठेक्का बन्दोबस्ती सम्बन्धी व्यवस्था

३) **आन्तरिक आयको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :** (१) प्रचलित कानून बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुर तथा अन्न आनरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सकिनेछ।

(२) यस कार्यविधिका बमोजिम ठेक्का बन्दोबस्त गर्दा लागत प्रभावकारी हुने, प्रशासनिक सहजता हुने वा आय बृद्धि हुनसक्ने अवस्थामा ऐन र यस नियमावलीको अधीनमा रही अन्य गाउँपालिका वा नगरपालिकासंग आपसी सहमतिद्वारा संयुक्त रुपमा ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(३) यस कार्यविधिका बमोजिम ठेक्का बन्दोबस्त गर्दा सामान्यतया आर्थिक बर्षको पहिलो तिन महिना भित्र ठेक्का आह्वान गरिसक्नु पर्नेछ ।

४) **<u>ठेक्का बन्दोवस्त गर्दा अपनाउनुपर्ने कार्यविधिः</u>** दफा (३) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नुपर्ने छ ।

ख) खण्ड क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि आर्थिक ऐनले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गरी अनुसूचि १ बमोजिमको ढाँचामा बोलपत्र आह्वानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ ।

ग) खण्ड ग) बमोजिम बोलपत्र आह्वान गर्दा बीस लाख रुपैयाँसम्म भए राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी प्रकाशित सूचना अधिकतम जानकारीको लागि कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा टाँस गरी कार्यालयको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ । बीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने छ । यस्तो सूचना कार्यालयको वेभसाईटमा समेत राख्नुपर्ने छ ।

घ) ठेक्का व्यवस्थापन गर्दा घाट अनुसार फरक फरक ठेक्का लगाउन सकिने छ ।

ङ) ठेक्का व्यवस्थापनमा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कनले तोकेको परिमाण र घाटको मात्रा गर्नुपर्ने छ ।

च) IEE प्रतिवेदन र प्राविधिक सिफारिसको आधारमा मात्रा हेवि इक्यूपमेन्ट प्रयोग गर्ने ।

छ) खण्ड ग) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,
(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,
(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,
(४) बोलपत्र फारम प्राप्त हुने स्थान र तरिका,
(५) बोलपत्र पठाउनु पर्ने तरिका,
(६) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,
(७) बोलपत्र बापत लाग्ने दस्तुर,
(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,
(९) बोलपत्र उपर निर्णय हुने मिति,
(१०) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,
(११) अन्य आवश्यक कुराहरु ।

ज) खण्ड छ) को उपखण्ड (७) बमोजिम बोलपत्र फारामको दस्तुर कायम गर्दा सार्वजनिक खरिद ऐन नियमावली बमोजिमको दस्तुर कायम हुनेछ ।

झ) खण्ड (ख) र (ग) बमोजिम प्रकाशित सूचना बमोजिम तोकिएको म्यादभित्र इच्छुक ठेकेदारले अनुसूची २ बमोजिमको ढाँचामा बोलकबोल पत्र पेस गर्नुपर्ने छ । तोकिएको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, बोलपत्रदाताको प्रतिनिधिले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै कार्यविधि र सार्वजनिक खरिद ऐन, नियमावलिमा उल्लेख भए बमोजिम हुनेछ ।

ञ) खण्ड (ख) र (ग) बमोजिम प्रथम र दोस्रो पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित न्यूनतम ठेक्का अङ्कभन्दा कम भएमा तोकिएको म्यादभन्दा कम्तीमा आधा म्याद दिई पुनः बोलपत्र आह्वान गर्नु पर्नेछ । यसरी तेस्रो पटक पनि कुनै वोलपत्र नपरेमा गाउँपालिकाले आफै घाटगड्डी गरि विक्री गर्न वा न्यूनतम दररेटमा सोझै नगदी रसिद काटेर अमानतमा पटके विक्री गर्न सकिनेछ । तर, निर्माण व्यवसायीको हकमा यो दफा लागु हुने छैन ।

५) **<u>जमानत वापतको रकम जम्मा गर्नुपर्ने:</u>** दफा (४) को खण्ड (ख) र (ग) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको कम्तीमा **१२०** दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्ने छ ।

६) **<u>जमानत वापतको रकम फिर्ता सम्बन्धि व्यवस्था:</u>** यस कार्यविधिका बमोजिम जफत हुने अवस्थामा बाहेक दफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ तर, कुनै ठेक्काको **सम्झौता नहुदासम्म** जमानत फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

७) **<u>सिफारिस पेस गर्नुपर्ने:</u>** यस कार्यविधिका बमोजिम पर्न आएका वोलपत्र प्रस्तावको लागि पेश भएका कागजातहरु बोलपत्रका सर्त बमोजिम भए नभएको हेरी यस कार्यविधि बमोजिमको बोलपत्र मूल्यांकन समितिले सिफारिस सहित निर्णयको लागि पेश गनुपर्नेछ ।

# परिच्छेद – ३

## <u>आय ठेक्का स्विकृति तथा कबुलियतनामा</u>

८) **<u>ठेक्का स्वीकृत गर्ने:</u>** (१) यस कार्यविधि बमोजिम प्रकाशित सूचना अनुसार दाखिला भएको कुनै वा सबै बोलपत्र दफा ७ बमोजिमको सिफारिसका आधारमा कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका सर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रहरु मध्ये सबैभन्दा बढी अंक कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नुपर्ने छ ।

३) ठेक्का स्विकृत गर्ने अधिकारीः आन्तरिक आय ठेक्काका लागि देहायका रकमका वोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः

(१) पच्चीस लाख रुपैयाँसम्म प्रमुख प्रशासकीय अधिकृतले,

(२) पच्चिस लाख देखि पचास लाख रुपैयाँसम्म गाउँपालिका अध्यक्षले,

(३) पचास लाख रुपैयाँ देखी माथि गाउँ कार्यपालिकाले।

४) पट्टा दिने र कबुलियत गराउनेः (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र स्वीकृत भैसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्ने छ।

(२) **उप**दफा (१) बमोजिम सूचना जारी गर्दा बाटोका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु/गराउनु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिनेछ।

(३) **उप**दफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्र वा डाँकवाला हाजिर भई कबुलियत गर्न मञ्जूर गरेमा निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ। त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने छ। यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्र वा डाँकवालाको धरौटी जफत गर्नुपर्नेछ। जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ तर, यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस कार्यविधि**को** प्रकृया पुर्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ।

(५) दफा ४ को उपदफा (२) बमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि बोलपत्र वा बढाबढको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्था गर्नुपर्नेछ। संयुक्त समितिको अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ। संयुक्त समितिले पेश भएको १५ दिनभित्र बोलपत्र स्वीकृत भए वा नभएको निकासा दिइसक्नुपर्नेछ। तोकिएको म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले कुनै हानी नोक्सानी भएमा यसरी हानी नोक्सानी भएको रकम जसको ढिलाई वा लापरवाहीले गर्दा हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट असूल उपर गरिनेछ।

(६) बोलपत्र स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाताबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्कको **ठेक्का सम्झौताको म्याद भन्दा एक महिना बढी समय**

भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कवुलियत गराई पट्टा दिनु पर्नेछ ।

(७) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ५ बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिनेछ ।

## परिच्छेद – ४

## आय ठेक्का सञ्चालन

९) **ठेक्का रकमको किस्ता बुझाउने तरिका:** (१) आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नुपर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ तर, यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा **ठेक्का** अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा **पांच** प्रतिशतसम्म छूट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनुपर्ने छ ।

१०) **ठेक्का तोड्ने:** (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा अन्य तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम र सोही रकम बराबरको रकम हर्जाना स्वरुप त्यस्तो ठेकेदारबाट असूल गरी बढी लिएको वा दोहोरो पर्न गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

(३) **उप**दफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ । यसरी धरौटी जफत गरी नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरु र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) **उप**दफा (३) बमोजिम ठेक्का तोडिएको अवस्थामा बाँकी ठेक्का अवधिको निमित्त बोलपत्र प्रतिस्पर्धामा रहेका क्रमानुसारका बोलपत्रदाता दामासाहीले नयाँ ठेक्का अंक कायम गरी नियमानुसारको धरौटी रकम र बैंक ग्यारेण्टी लिई साविकको स्वीकृत ठेक्काको दरमा नयाँ असूली

कार्यतालिका बनाई ठेक्का बन्दोबस्त गर्न सकिनेछ । यसरी बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न नसकिएमा कार्यालयले पुनः बोलपत्र आह्वान गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम नयाँ ठेक्का बन्दोबस्त गर्न वा पुनः ठेक्का बन्दोबस्त गर्न लाग्ने समय सम्मको बीचको अवधिका लागि कार्यालयले आय संकलन सम्बन्धी अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ।

(६) **उप**दफा (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट भएको नोक्सानी र सम्वन्धित ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत छुट समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

११) **बक्यौता रकम असूली सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नुपर्ने छ ।

(२) **उपदफा** (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सकिनेछ ।

(३) **उप**दफा (२) बमोजिम सहयोग प्राप्त भई बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सकिनेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलव्ध गराउनु पर्नेछ ।

(४) **उप**दफा (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गरिनेछ ।

## परिच्छेद – ५

## विविध

१२) **प्रचलित कानून बमोजिम हुने**ः यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयहरुमा सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१३) **वाधा अड्काउ फुकाउने अधिकारः** (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश गारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिने छ ।

(३) उपदफा (१) बमोजिम आदेश गरी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिने छ ।

१४) **बचाउः** गाउँपालिका आय संकलनका सम्बन्धमा यस अघि गरेका आय ठेक्कासम्बन्धी कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(कार्यविधिको दफा ४ को उपदफा १ खण्ड (ख)सँग सम्बन्धित)

**अनुसूची १**

सुचनाको ढाँचा

**घरपझोङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**जोमसोम, मुस्ताङ**

गण्डकी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति ........... गते

नदीजन्य सामाग्री **ढुङ्गा, गिट्टी, वालुवा, रोडा** (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आह्वानको सूचना ।

घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालवाट स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३, दफा ११ (घ) ६ बमोजिम चालु आ.व ................. का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ( **घाटगड्डी** ) ढुङ्गा, वालुवा, गिट्टी, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, जोमसोम शाखामा रहेको खाता नं **....................................................** मा तोकीएको रकम वुझाई वोलपत्र फाराम घरपझोङ गाउँपालिकाको कार्यालयबाट लिएर मु.अ.कर र अग्रिम आयकर सहितको कूल कवोल रकम को पाँच प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेका नेपाल लिमिटेड जोमसोम शाखामा रहेको खाता न. **...........................................** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (बिड बण्ड) संलग्न राखी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

## तपशिल

**आवश्यक कागजातहरु**

- फर्म दर्ताको प्रमाणित प्रतिलिपि
- ठेक्काको कार्यगर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपि
- मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- आर्थिक बर्ष ..................... को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

| ठेक्का नं | वडा नं. | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम कर वाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| | | | | | |

**शर्त तथा बन्देजहरु**

१ टेन्डर फारम खरिद गर्ने मिति, समय र स्थान-दर्तावाला फर्महरुले उल्लेखित प्याकेजका टेन्डर फारम खरिद गर्ने अन्तिम मिति यो सूचना प्रकाशित मितिले .... दिनभित्र वा मिति ..................भित्र बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले बोलपत्र दस्तुर नेपाल बैंक लिमिटेड, जोमसोममा रहेको यस कार्यालयको राजश्व खातामा जम्मा गरि कार्यालयबाट बोलपत्र फारम पाउन सक्नु हुनेछ ।

२ बोलपत्र फारम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान — मिति ............ बजे भित्र घरपझोङ गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ । तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु मिति .................. गते दिउँसो ....बजे घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयमा खोलिने छ। दर्ता भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको रोहबरमा खोलिने छ, बोलपत्र खोल्दा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन।

३ ठेकेदार र गाँउपालिका बीच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा घरपझोङ गाँउपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज पालना गर्नुपर्ने छ ।

४ ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व नै कर सहितको कवुल रकम एकमुष्ट बुझाएमा पाँच प्रतिशत छुट दिइनेछ । सो नभए प्रथम किस्ता वापत कवोल रकम रकमको कम्तिमा पचास प्रतिशत कर सहितको रकम यस कार्यालयको ग-१.१ आन्तरीक राजस्व बाँडफाँड खाता न. ............................ खातामा जम्मा गर्नु पर्नेछ । पचास प्रतिशत रकमको हकमा ठेक्का सम्झौता भन्दा १ महिना समय मान्य अबधि रहेको नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकवाट यस कार्यालयको नाममा जारी गरिएको बैक जमानत पेश गर्नु पर्नेछ । बोलपत्र स्विकृत भएपश्चात सम्झौता गर्न नआएमा धरौटी जफत गरिने छ।

५ तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाँउपालिकाको तर्फवाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीवाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

६ नदी किनार तथा आसपासका बनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ वायाँ निषेधित स्थान वाहेक तोकिएको स्थानवाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्योदय देखि सूर्यास्त सम्म मा नदिजन्य पदार्थ झिक्न पाईनेछ । हावा चलेको वेलामा पानी चुहिने गरी धुलो उड्ने गरी ओभरलोड हुने गरी ढुवानी गर्न पाईने छैन ।

७ पुल, कजवे तथा कल्भटकाबाट दुबै तर्फका सडकमा पर्ने पुलहरुको २०० मिटर अपस्ट्रिम २०० मिटर डाउन स्ट्रिम सम्म र खोला बहाब किनारबाट ५ मि. को क्षेत्रमा ढुङ्गा, रोडा, गिट्टि र वालुवा निकाल्न पाइने छैन ।

८ घाटसम्म जाने बाटोको निकास आफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

९ नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असरपर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोपत्रदाता स्वयंले ब्यहोर्नुपर्नेछ ।

१० ढुङ्गा, गिट्टी, रोडा, वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ ।

११ ढुङ्गा, गिट्टी, रोडा, वालुवा समेतको कारोवार गर्दा वालश्रमको प्रयोग निषेध गरिएको छ । वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ।

१२ नदि, खोला, वगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित माल बस्तु जम्मा गर्न पाईने छैन।

१३ वोलपत्रका सम्वन्धमा थप केही वुभ्न  परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी वुभ्न  सकिने छ। साथै विस्तृत विवरण वोल पत्र फाराम साथ उपलब्ध गराइनेछ।

१४ आ.व ........... का केहि महिना नेपाल सरकारको निर्णयले घाट वन्द भएमा कार्यसमयावधि सोहि बमोजिम कायम हुनेछ  र उल्लेखित परिमाण सोहि समयावधिमा विक्री गर्नु पर्नेछ। त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ति वा हर्जनाको माग गर्न पाउने छैन।

१५ अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैले संकलित सामाग्रीको घाटगद्धी गरेर मात्र विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ। घाटगद्धी गर्दा लाग्ने खर्च ठकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

१६ वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाँउपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ।

१७ स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पलना गर्नुपर्ने शर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, गिट्टी, रोडा, वालुवाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ।

१८ उल्लेखित न्युनतम रकम मु.अ.कर र अग्रिम आयकर वाहेक रहेको छ। बोलपत्रदाताले कवोल रकममा मु.अ. कर र अग्रिम आयकर समेत जोडी दाखीला गर्नु पर्नेछ।

१९ वोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ।

२० बोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ। कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आशिंक वा पुरै बोलपत्र प्रक्रिया रद्द गर्न सक्नेछ।

२१ माथि उल्लेख नभएका र बाझिएका सर्तहरु  नेपाल सरकारबाट जारी भएको ढुङगा गिटी वालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गाँउपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ।

**(कार्यविधिको दफा ४ (क) सँग सम्बन्धित)**

**अनुसूची २**

बोलकबोल पत्र **(Bid Form)** को ढाँचा

मिति :...............

श्री घरपझोङ गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ।

तहाँ कार्यालयबाट मिति ....................गते प्रकाशित सुचना अनुसार बोलपत्र नं ..................... गाँउपालिकाको विभिन्न स्थानहरुबाट ढुंगा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर आदिको बिक्री शुल्क संकलन सम्बन्धी बोलपत्र आव्हान भएको बोलकबोलको सुचना बमोजिम वोलपत्रको शर्तहरुमा मञ्जुर भै बोलकवोल गर्न निवेदन पेश गरेको छु/छौं।

१. मेरो/हाम्रो फर्म कानूनी हिसावले यस घरपझोङ गाउँपालिकासँग ठेक्कापट्टा बोलकबोल गर्न बैध रहेको छ र कुनै स्वार्थ बाझिएको छैन ।

२. म/हामी कुनै पनि कानूनी हिसावले कालो सूचीमा परेको छैन/छैनौं साथै कुनै गैरकानूनी कार्यमा संलग्न नभई वा अन्य कुनै कारणले म अयोग्य नरहेको स्व घोषणा गर्दछु ।

३. राजस्व संकलनका लागि जारी भएको बोलपत्रसम्बन्धी सबै कागजातहरुको अध्ययन गरियो र यसमा मेरो/हाम्रो पुर्ण सहमति रहेको छ ।

४. राजस्व संकलनका लागि जारी भएको बोलपत्रको शर्तहरु पालना गरि कार्यालयबाट जारि हुने निर्देशन अनुसार कार्य गर्न मञ्जुर रहेको छु/छौं।

५. कुल कबोल रकम कर समेत (मूल्य अभिबृद्धि कर १३% र अग्रिम आय कर १.५%) गरि रु........................................को प्रस्ताव पेश गरेको छु/छौं ।

६. कबोल अंक मु.अ.कर र अग्रिम आय कर समेतले हुन आउने रकमको ५ प्रतिशत रकम रु....................................बोलपत्र जमानत पेश गरेको छु/छौं वा ........................................... बैंकको बैंक जमानत पत्र पेश गरेको छु/छौं।

७. यदि मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा बोलकबोल कागजातमा उल्लेख भएका बमोजिमको समयमा राजस्व रकम भुक्तानी गर्न मञ्जुर छु। मैंले पेश गरेको प्रस्तावको उत्तरदायित्व बहन गर्दछु।

८. यस बोलपत्रमा मेरो/हाम्रो कुनै किसिमको सब-कन्ट्र्याक्टर रहेको छैन र बोलपत्र स्वीकृत भएको अवस्थामा पनि कुनै किसिमको सब-कन्ट्र्याक्टर मार्फत कार्य गराइने छैन ।

९. बोलपत्र सम्झौता भएको खण्डमा यस फर्मको प्रतिनिधिको रुपमा तल उल्लेखित व्यक्तिले कार्य गर्नेछ।

नाम............................................................... सम्पर्क नं. .................................................
पद........................................................... ईमेल आईडी .............................................
नागरिकता नं. ........................................... जारी मिति र जिल्ला........................................
सही .............................. मिति..............................................................
व्यवसायको नाम ठेगानाः...........................................

**प्रमाणीकरण मिति :**

**आज्ञाले**
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८०/१२/२२